# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) धनगढी, नेपाल, फागुन १७ गते, २०८० साल (संख्या १३

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानुन मन्त्रालयको

## सूचना

**<u>सुदूरपश्चिम प्रदेश लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८०</u>**



<u>प्रस्तावनाः</u> प्रदेश सरकारका निकायबाट सञ्चालन हुने योजना तथा कार्यक्रम र प्रशासनिक क्रियाकलापहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री बनाउन वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सुशासन ऐन, २०७५ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्)ले यो कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको नाम "सुदूरपश्चिम प्रदेश लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकार (मन्त्रिपरिषद्)बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "प्रदेश सरकार" भन्नाले सुदूरपश्चिम प्रदेश सरकार सम्झनु पर्छ।

(ख) "लक्षित समूह" भन्नाले नेपालको संविधानको धारा १८ को उपधारा (३) मा उल्लेख गरिएका वर्ग र नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग वा समुदाय सम्झनु पर्छ।

(ग) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" भन्नाले महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र विभिन्न सामाजिक समूहलाई समान अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्नका लागि गरिने कार्य सम्झनु पर्छ।

(घ) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण" भन्नाले लैङ्गिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत् तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजार सम्झनु पर्छ।

(ङ) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति" भन्नाले प्रदेश सरकारका निकायमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विषय हेर्नेगरी सम्पर्क व्यक्तिको रूपमा तोकिएको कर्मचारी सम्झनु पर्छ।

३. <u>कार्यविधिको उद्देश्यः</u> यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) प्रदेश सरकार मातहतका निकायमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था पहिचान गर्ने,

(ख) नीति, योजना, कार्यक्रम र संरचना मार्फत लैङ्गिक मूलप्रवाहीकरण गर्ने,

(ग) विकास प्रक्रियामा लक्षित वर्गको निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,

(घ) लक्षित वर्गको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्ने, र



खण्ड ७) संख्या १३, प्रदेश राजपत्र भाग २ मिति २०८०।११।१७

(ङ) आयोजनाका सबै चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सिद्धान्तलाई अवलम्बन गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने।

४. <u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणः</u> (१) प्रदेश सरकारका निकायमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण वर्षमा एक पटक स्वःमूल्यांकन प्रणाली मार्फत गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परीक्षण गर्दा अघिल्लो आर्थिक वर्षको तथ्यका आधारमा गर्नु पर्नेछ।

(३) परीक्षण कार्यक्रमको लागि प्रदेश सरकारका निकायले आवश्यक बजेटको व्यवस्थापन गर्नु पर्नेछ।

(४) परीक्षण कार्यका लागि आवश्यक परेमा आन्तरिक तथा बाह्य सहजकर्ता वा विज्ञको सहयोग वा सेवा लिन सकिनेछ।

५. <u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण समिति गठनः</u> (१) प्रदेश सरकारका मन्त्रालय, सचिवालय, आयोग, निर्देशनालय तथा विभागस्तरीय निकायमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्न देहाय बमोजिमको एक समिति रहनेछः-

(क) महाशाखा वा शाखा प्रमुख (लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विषय हेर्ने), सम्बन्धित मन्त्रालय -संयोजक

(ख) उपसचिव (कानुन) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(ग) योजना शाखा प्रमुख, परीक्षण हुने निकाय -सदस्य

(घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखा प्रमुख, सामाजिक विकास मन्त्रालय -सदस्य

(ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(च) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति, परीक्षण हुने निकाय - सदस्यसचिव

(२) मन्त्रालय वा निर्देशनालय मातहतका कार्यालयमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्न देहाय बमोजिमको एक समिति रहनेछः-

(क) कार्यालय प्रमुख, परीक्षण हुने निकाय -संयोजक

(ख) अधिकृत प्रतिनिधि, सम्बन्धित मन्त्रालय वा मन्त्रालयले तोकेको व्यक्ति -सदस्य

(ग) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालय -सदस्य

(घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति, परीक्षण हुने निकाय -सदस्य सचिव





६. <u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सूचकः</u> (१) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्दा देहायका विषयक्षेत्रका आधारमा गर्नु पर्नेछः-

(क) नीति, कानुन तथा योजना,

(ख) संस्थागत व्यवस्था,

(ग) मानव संसाधन तथा क्षमता विकास,

(घ) महिला, अपाङ्गता तथा बालबालिकामैत्री भौतिक संरचना र लैङ्गिकमैत्री तथा सामाजिक समावेशीमैत्री कार्यस्थल,

(ङ) सुशासन तथा उत्तरदायित्व ।

(२) उपदफा (१) बमोजिमका विषयक्षेत्रका सूचकहरुको अङ्कभार प्रति सूचक अधिकतम एक हुनेछ।

(३) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सूचक र अङ्कभार अनुसूची-१ बमोजिम हुनेछन् ।

(४) उपदफा (३) बमोजिम अङ्कभार प्रदान गर्दा अनुसूची-१ मा उल्लिखित सूचक बमोजिमको कार्यक्षेत्र नभएका निकायका हकमा पूरा अङ्क दिनु पर्नेछ ।

७. <u>परीक्षण विधिः</u> लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्दा देहायको विधि अपनाउनु पर्नेछः-

(क) <u>दस्तावेज समीक्षाः</u> दफा ५ बमोजिमको समितिले संविधान, नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, विकास योजना, आवधिक योजना, वार्षिक योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, समीक्षा प्रतिवेदन, विकास बुलेटिन, पार्श्व चित्र, निर्णय, अन्तराष्ट्रिय प्रतिवद्धता,

सन्धि सम्झौता लगायतका दस्तावेजको विश्लेषण गरी प्रतिवेदन तयार गर्नुपर्ने,

(ख) लक्षित समूहसँग छलफल: परीक्षण हुने निकाय र सरोकार राख्ने लक्षित समूहसँग अनुसूची-१ बमोजिमका सूचकहरुको आधारमा छलफल गर्नुपर्ने,

(ग) अन्तरवार्ता: परीक्षण गर्नुअघि सूचना सङ्कलन र छलफलबाट प्राप्त नतिजाको पुष्टयाइँ तथा थप जानकारी लिनका लागि परीक्षण हुने निकायको मुख्य सरोकारवाला वा प्रतिनिधिसँग अन्तरवार्ता गर्नुपर्ने।

(घ) कार्यशाला सञ्चालन (सूचकहरुको लेखाजोखा): अनुसूची-१ बमोजिमका सूचकहरूको परीक्षणका लागि परीक्षण कार्यशाला आयोजना गरी प्राप्ताङ्कलाई तुलनात्मक विश्लेषण गर्नुपर्ने,

(ङ) कार्ययोजना तयार: खण्ड(ङ) बमोजिमको प्रतिवेदनका आधारमा सम्बन्धित निकायले सुधार गर्नुपर्ने विषय समेत समावेश गरी अनुसूची-४ बमोजिमको कार्यान्वयन कार्ययोजना तर्जुमा गर्नुपर्ने।

(च) प्रतिवेदन: (१) परीक्षणको अन्तिम प्रतिवेदन अनुसूची-५ बमोजिमको ढाँचामा तयार गरी सो प्रतिवेदन परीक्षण गरिएको निकाय, सम्बन्धित मन्त्रालय,



खण्ड ७) संख्या १३, प्रदेश राजपत्र भाग २ मिति २०८०।११।१७

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विषय हेर्ने मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नुपर्ने।

(२) परीक्षण सम्पन्न भएपश्चात लैङ्गिक समानता तथा सामाजिक परीक्षण बिषय हेर्ने मन्त्रालयले प्रदेशस्तरको एकीकृत प्रतिवेदन तयार गर्नु पर्नेछ ।

८. परीक्षणका चरण: परीक्षण गर्दा देहायका चरण अपनाउनु पर्नेछः-

(क) तयारी चरण:

(१) कार्यशाला गोष्ठीको पूर्व तयारी तथा आवश्यक सामग्रीको व्यवस्था गर्ने,

(२) परीक्षणका उद्देश्य, विधि र चरणका सम्बन्धमा परीक्षण हुने निकायका कर्मचारी र पदाधिकारीलाई अभिमुखीकरण गर्ने,

(३) परीक्षणमा सहभागीहरुको सूची तयार गर्ने,

(४) कार्यशाला गोष्ठी सञ्चालनको मिति, समय र स्थान तोक्ने।

(ख) परीक्षण चरण:

(१) सम्बन्धित कर्मचारी, पदाधिकारी र समितिका सदस्यहरुको उपस्थितिमा अनुसूची-१ बमोजिमको सूचकमा छलफल गरी अङ्क प्रदान गर्ने,

(२) अनुसूची-१ बमोजिमको सूचकका आधारमा उत्तम देखिएमा १.०, मध्यम देखिएमा ०.५ र न्यून देखिएमा ०.० अङ्क प्रदान गर्ने,

(३) कुल प्राप्ताङ्कको आधारमा वर्तमान अवस्थाको विश्लेषण गर्ने,

(४) प्राप्ताङ्कको आधारमा अनुसूची-२ बमोजिमको ढाँचामा विषयक्षेत्रगत अवस्था विश्लेषण गरी पूरा अङ्क प्राप्त विषयक्षेत्रलाई सबल र सोभन्दा कम अङ्क प्राप्त विषयक्षेत्रलाई सुधार गर्नुपर्ने पक्षमा राख्नुपर्ने,

(५) परीक्षणबाट प्राप्त मुख्य उपलब्धि तथा निष्कर्षलाई अनुसूची-३ बमोजिमको ढाँचामा तयार गर्ने,

(६) सुधार गर्न पहिचान गरिएका क्रियाकलाप समावेश गरी अनुसूची-४ बमोजिम कार्यान्वयन कार्ययोजना तयार गर्ने ।

(ग) <u>प्रतिवेदन चरण:</u>

(१) खण्ड (ख) बमोजिमको चरण सम्पन्न भएपछि परीक्षण समितिले प्रारम्भिक प्रतिवेदन परीक्षण गरिएको निकायको प्रमुख समक्ष पेश गर्ने,

(२) उपखण्ड (१) बमोजिमको प्रारम्भिक प्रतिवेदनउपर परीक्षण गरिएको



खण्ड ७) संख्या १३, प्रदेश राजपत्र भाग २ मिति २०८०।११।१७

निकायको प्रमुखबाट प्राप्त सुझाव समेतका आधारमा परीक्षण समितिले अनुसूची-५ बमोजिमको ढाँचामा अन्तिम प्रतिवेदन तयार गर्ने,

(३) उपखण्ड (२) बमोजिमको अन्तिम प्रतिवेदन दफा ७ को खण्ड (ङ) बमोजिमका निकायमा पेस गर्ने।

९. <u>परीक्षण नतिजाको गुणस्तरीयता:</u> (१) परीक्षणको अन्तिम प्रतिवेदन प्राप्त भएपछि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विषय हेर्ने मन्त्रालयले प्रतिवेदन र कागजात अध्ययन गरी आवश्यकता अनुसार गुणस्तरीयता मापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गुणस्तरीयता मापन गर्दा आवश्यक परेमा परीक्षण गरिएको निकायको स्थलगत अध्ययन समेत गर्न सकिनेछ ।

१०. <u>परीक्षण नतिजाको समीक्षा:</u> (१) परीक्षणको नतिजा आ-आफ्नो निकायमा छलफल गरी प्राप्त सुझाव र कार्ययोजनाको कार्यान्वयन गर्नु परीक्षण गरिएको निकायको दायित्व हुनेछ।

(२) दफा ७ को खण्ड (ङ) बमोजिमको निकायले परीक्षण प्रतिवेदनको आधारमा परीक्षण गरिएको निकायलाई थप सुझाव दिन तथा सुधारका क्रियाकलाप सञ्चालन गर्न सक्नेछ।

११. सूचना प्रविधिको प्रयोग: सम्बन्धित मन्त्रालयले आफ्नो र आफू मातहतका निकायको परीक्षण प्रतिवेदन सूचना प्रविधिको माध्यमबाट सार्वजनिकीकरण गर्नु पर्नेछ ।

१२. कार्यसम्पादन सम्झौतामा समावेश गर्ने: प्रदेश सरकारका निकायले आफ्नो निकायको प्रमुखसँग गर्ने कार्यसम्पादन सम्झौतामा यस कार्यविधि बमोजिम सो निकायको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने बिषय समावेश गर्नु पर्नेछ ।





## अनुसूची -१

**(दफा ६ को उपदफा (३) र (४) दफा ७ को खण्ड (ख), (घ) र दफा ८ को खण्ड (ख) को उपखण्ड (१) र (२) सँग सम्बन्धित)**

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको परीक्षणका सूचक र अङ्कभार**

| क्र.सं. | सूचक (कुल सूचक संख्याः ५०) | १ अङ्क आउने आधार | ०.५ अङ्क आउने आधार | ०.० अङ्क आउने आधार | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| १.नीति, कानुन तथा योजना | | | | | | |
| १.१ | नीति तथा कानुनको मस्यौदा तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री कार्यटोली निर्माण र बैठक गरेको | समावेशी कार्यटोली निर्माण गरेको र नियमित बैठक बस्ने गरेको | समावेशी कार्यटोली निर्माण गरेको वा नियमित बैठक वस्ने गरेको | कार्यटोली निर्माण नगरेको | १.कार्यटोलीको संरचना २.कार्यटोलीको बैठक | |
| १.२ | नीति तथा कानुनी दस्तावेजको विषयवस्तु, शब्द चयन र प्रावधान लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री भएको | भएको | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण संवेदनशील, समावेशी र सहभागितामूलक मध्ये कम्तीमा १ वटा भएको | नभएको | स्वीकृत नीति तथा कानुनी दस्तावेज | |

| क्र.सं. | सूचक (कुल सूचक संख्याः ५०) | १ अङ्क आउने आधार | ०.५ अङ्क आउने आधार | ०.० अङ्क आउने आधार | प्रमाणीकरण को आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| १.३ | कानुन तथा नीति निर्माणको क्रममा महिला तथा सामाजिक रूपमा वञ्चितीकरणमा परेका समुदायका प्रतिनिधि तथा सरोकारवालासँग सुझाव लिने गरेको | नियमित सुझाव लिने गरेको | नियमित सुझाव लिने नगरेको | सुझाव लिने नगरेको | बैठकको निर्णय | |
| १.४ | सम्बन्धित निकायले निर्माण गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कानुनका विषयमा कर्मचारी जनप्रतिनिधि र सरोकारवालासँग अभिमुखीकरण गर्ने गरेको | नियमित गर्ने गरेको | नियमित गर्ने नगरेको | गर्ने नगरेको | कार्यक्रमको प्रतिवेदन | |
| १.५ | महिला तथा वञ्चितीकरणमा परेका समुदायमा हुने विभेदमा सुनुवाई हुने पद्धति रहेको | सुनुवाई हुने पद्धति रहेको | सुनुवाई हुने आंशिक पद्धति रहेको | पद्धति नरहेको | १. बजेट तथा कार्यक्रम २. सुनुवाईको संयन्त्र, दस्तावेज र व्यवस्थापन | |





| क्र.सं. | सूचक (कुल सूचक संख्याः ५०) | १ अङ्क आउने आधार | ०.५ अङ्क आउने आधार | ०.० अङ्क आउने आधार | प्रमाणीकरण को आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| १.६ | आवधिक योजना तथा वार्षिक योजना कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विकासको लागि नीति, रणनीति, कार्यक्रम समावेश भएको | समावेश भएको | आंशिक समावेश भएको | समावेश नभएको | १. स्वीकृत गरेका नीति तथा कानुनी दस्तावेज २. वार्षिक बजेट तथा कार्यक्रम | |
| १.७ | नीति तथा कानुनमा सबैको पहुँच हुने गरी वेबसाइट, सञ्चार माध्यमबाट जानकारी गराएको | जानकारी गराएको | आंशिक रूपमा गर्ने गरेको | नगराएको | वेबसाइट , सूचना र अभिलेख | |
| १.८ | सबै प्रकारका विभेदजन्य कार्य तथा असमानता हटाउने नीतिगत तथा कानुनी व्यवस्था भएको | भएको | आंशिक व्यवस्था भएको | नभएको | नीति तथा कानुनी दस्तावेज | |
| १.९ | महिला,बालिवालिका तथा पिछडिएको वर्ग,क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना भएको | भएको | आंशिक भएको | नभएको | वार्षिक वजेट तथा कार्यक्रम | |

| क्र.सं. | सूचक (कुल सूचक संख्याः ५०) | १ अङ्क आउने आधार | ०.५ अङ्क आउने आधार | ०.० अङ्क आउने आधार | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| १.१० | जातीय विभेद, बालविवाह, छाउपडी प्रथा, दाईजो प्रथा जस्ता सामाजिक कुरीति हटाउने कार्यक्रम सञ्चालन भएको | भएको | आंशिक (कम्तीमा स्वीकृत कार्यक्रमको ५० प्रतिशत कार्यक्रम सम्पन्न) भएको | नभएको | १. वार्षिक वजेट तथा कार्यक्रम २. प्रगति प्रतिवेदन | |
| १.११ | सबै खाले लैङ्गिक हिंसा निर्मूल गर्ने कार्यक्रम रहेको | रहेको | केही संख्यामा रहेको | नरहेको | १. वार्षिक वजेट तथा कार्यक्रम २. प्रगति प्रतिवेदन | |
| १.१२ | महिला, बालबालिका तथा वञ्चितीकरणमा परेका समूहका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीति अनुसारको बजेट विनियोजन गरेको | गरेको (कम्तीमा ३३ प्रतिशत बजेट विनियोजन) | आंशिक व्यवस्था भएको (३३ भन्दा कम १० प्रतिशत भन्दा बढी बजेट विनियोजन) | १० प्रतिशत भन्दा कम बजेट विनियोजन | वार्षिक वजेट तथा कार्यक्रम | |
| १.१३ | दीगो विकास लक्ष्य नं ३,४,५,८,१०,१६ सँग सम्बन्धित बजेट बिनियोजन गरेको | गरेको | आंशिक व्यवस्था गरेको | नगरेको | वार्षिक बजेट तथा कार्यक्रम | |





| क्र.सं. | सूचक (कुल सूचक संख्याः ५०) | १ अङ्क आउने आधार | ०.५ अङ्क आउने आधार | ०.० अङ्क आउने आधार | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| १.१४ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्न बजेटको व्यवस्था गरेको | पर्याप्त बजेट व्यवस्था गरेको | बजेट पर्याप्त नभएको | नगरेको | बजेट तथा कार्यक्रम | |
| १.१५ | लैङ्गिक तथा सामाजिक समावेशीकरण परीक्षण पश्चात् कार्ययोजना निर्माण र कार्यान्वयन गरेको | कार्ययोजना निर्माण गरी कार्यान्वयन गरेको | कार्ययोजना निर्माण गरी आंशिक रूपमा कार्यान्वयन गरेको | कार्यान्वयन नगरेको | १. परीक्षण प्रतिवेदन २. कार्ययोजना ३. कार्यान्वयन प्रतिवेदन | |
| २. संस्थागत व्यवस्था | | | | | | |
| २.१ | निर्णायक तहमा महिला तथा वञ्चितीकरणमा परेका समुदायको प्रतिनिधित्व (कर्मचारी र पदाधिकारी) | ४० प्रतिशत वा सो भन्दा बढी | २० देखि ३९प्रतिशत सम्म | २० प्रतिशत भन्दा कम | १. समिति, उपसमिति गठन संरचना २.बैठकमा उपस्थितिस हितको निर्णय ३.कार्यालय प्रमुख, महाशाखा प्रमुख वा शाखा प्रमुख | |

| क्र.सं. | सूचक (कुल सूचक संख्याः ५०) | १ अङ्क आउने आधार | ०.५ अङ्क आउने आधार | ०.० अङ्क आउने आधार | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| २.२ | समिति, उपसमिति वा कार्यदलमा महिला तथा वञ्चितीकरणमा परेका समुदायबाट समावेशी र समानुपातिक प्रतिनिधित्व हुने व्यवस्था रहेको | ४० प्रतिशत वा सो भन्दा बढी | २५ देखि ३९ प्रतिशतसम्म | २५ प्रतिशत भन्दा कम | १. सम्बन्धित नीति तथा कानुन<br>२. समिति, उपसमिति गठन संरचना<br>३.बैठकको निर्णय | |
| २.३ | श्रेणी विहिन तथा प्राविधिक कर्मचारी करारमा पदपूर्ति गर्दा समावेशी प्रतिनिधित्व गराउने रणनीति लिएको | लिएको | - | नलिए को | १. नीतिगत व्यवस्था<br>२. विज्ञापन<br>३. छनौट भएका कर्मचारीको विवरण | |
| २.४ | कुनै अवसर प्रदान गर्दा महिला तथा वञ्चितीकरणमा परेका समुदायका कर्मचारी, पदाधिकारीलाई प्राथमिकता दिने गरी सकारात्मक विभेदको नीति लिएको | लिइएको | - | नलिएको | १. वार्षिक नीति तथा कार्यक्रम<br>२. सकारात्मक विभेदको रणनीति | |





| क्र.सं. | सूचक (कुल सूचक संख्याः ५०) | १ अङ्क आउने आधार | ०.५ अङ्क आउने आधार | ०.० अङ्क आउने आधार | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| २.५ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हेर्ने इकाई, शाखा र मानवीय स्रोतको व्यवस्था भएको | भएको | इकाई, शाखाको व्यवस्था भएको तर मानवीय स्रोतको व्यवस्था नभएको | नभएको | १. इकाई, शाखा/कक्षको स्थापना गर्ने निर्णय र स्थापना<br>२. जिम्मेवारी तोकिएको | |
| २.६ | लैङ्गिक हिंसा, दुर्व्यवहार वा अन्य कुनै प्रकारका हिंसा विरुद्ध गुनासो सुन्ने प्रणालीको व्यवस्था भएको | भएको | आंशिक काम शुरु भएको | नभएको | १. गुनासो सुन्ने अधिकारी तोक्ने निर्णय<br>२.गुनासो सुनुवाईको अभिलेख तथा प्रतिवेदन | |
| २.७ | लैङ्गिक हिंसा, दुर्व्यवहार वा अन्य कुनै प्रकारका हिंसा वा गुनासो समयमै सम्बोधन गर्ने गरेको | गरेको | आंशिक रूपमा गर्ने गरेको | नगरेको | अभिलेख | |

| क्र.सं. | सूचक (कुल सूचक संख्याः ५०) | १ अङ्क आउने आधार | ०.५ अङ्क आउने आधार | ०.० अङ्क आउने आधार | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| २.८ | गरिब, विपन्न तथा लोपोन्मुख समुदायका व्यक्तिलाई निःशुल्क सेवा प्रवाह गर्ने गरे नगरेको | गरेको | नीतिगत व्यवस्था रहेको तर कार्यान्वयन नभएको | नगरेको | १. नीतिगत तथा कानुनी व्यवस्था<br>२. वार्षिक बजेट तथा कार्यक्रम<br>३.नागरिक वडापत्र<br>४.सेवा प्रवाह विवरण/ अभिलेख | |
| २.९ | समावेशी प्रतिनिधित्व हुने गरी कर्मचारीको पदपूर्ति वा वृत्ति विकासको नीति लिएको | लिएको | नीति लिएको तर कार्यान्वयन नभएको | नलिए को | १.नीतिगत व्यवस्था<br>२.कर्मचारीको विवरण<br>३.विज्ञापन | |
| २.१० | आदिवासी जनजाति, दलित तथा अन्य लक्षित समूहका महिलाको विकास र सशक्तीकरणका लागि बजेटको व्यवस्था भए नभएको | बजेटको व्यवस्था भई कार्यान्वयन भएको | बजेटको व्यवस्था भएको तर कार्यान्वयन नभएको | दुवै नभएको | १. बजेट व्यवस्था<br>२. कार्यसम्पन्न प्रतिवेदन | |





| क्र.सं. | सूचक (कुल सूचक संख्याः ५०) | १ अङ्क आउने आधार | ०.५ अङ्क आउने आधार | ०.० अङ्क आउने आधार | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| ३. मानव संसाधन तथा क्षमता विकास | | | | | | |
| ३.१ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विकासको लागि क्षमता विकास योजना र बजेट विनियोजन भए नभएको | योजना तयार भएको र बजेट विनियोजन भएको | योजना तयार भएको तर बजेट विनियोजन नभएको | दुवै नभएको | १.क्षमता विकास योजना<br>२.वार्षिक बजेट तथा कार्यक्रम | |
| ३.२ | सम्बन्धित निकायले कर्मचारीलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्षमता अभिबृद्धिका लागि योजना तयार गरे नगरेको | गरेको | - | नगरेको | क्षमता अभिबृद्धि योजना | |
| ३.३ | क्र.सं. ३.२ मा उल्लिखित योजना कार्यान्वयनको लागि आवश्यक बजेट विनियोजन भए नभएको | भएको | बजेट विनियोजन पर्याप्त नभएको | नभएको | १. क्षमता विकास योजना<br>२.वार्षिक बजेट तथा कार्यक्रम | |

| क्र.सं. | सूचक (कुल सूचक संख्याः ५०) | १ अङ्क आउने आधार | ०.५ अङ्क आउने आधार | ०.० अङ्क आउने आधार | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| ३.४ | महिला तथा लक्षित समूहका पदाधिकारीको क्षमता अभिबृद्धिको लागि प्राविधिक तालिम, क्षमता विकास तालिम, नेतृत्व विकास तालिम, भ्रमण र सो अनुसारको बजेट विनियोजन भए नभएको | कार्यक्रम र बजेट विनियोजन भएको | कार्यक्रमहरु भएको तर सो अनुसारको बजेट विनियोजन नभएको | दुवै नभएको | १.कार्यक्रम विवरण, प्रतिवेदन २. वजेट तथा कार्यक्रम | |
| ३.५ | सीप अभिबृद्धि कार्यक्रम कार्यान्वयन गर्दा वञ्चितीकरणमा परेका वर्ग वा समुदायका कर्मचारी र पदाधिकारीको समावेशी सहभागिता भए नभएको | ४० प्रतिशत वा सो भन्दा बढी सहभागिता भएको | २५ देखि ३९ प्रतिशतसम्म सहभागिता भएको | २५ प्रतिशत भन्दा कम सहभागिता भएको | पदाधिकारी तथा कर्मचारीको सहभागी विवरण | |
| ३.६ | तालिमका विषयवस्तु लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण संवेदनशील भए नभएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरे नगरेको | तालिमका विषयवस्तु संवेदनशील भएको, पृष्ठपोषण लिने गरेको | तालिमका विषयवस्तु संवेदनशील भएको तर पृष्ठपोषण लिने नगरेको | नभएको | १.तालिमका विषयवस्तु र कार्यपत्र २. खर्च विवरण ३. पृष्ठपोषण प्रतिवेदन | |





| क्र.सं. | सूचक (कुल सूचक संख्याः ५०) | १ अङ्क आउने आधार | ०.५ अङ्क आउने आधार | ०.० अङ्क आउने आधार | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| ३.७ | वञ्चितीकरणमा परेका समुदायको हक अधिकार र कानुनी व्यवस्थाका विषयमा योजनाबद्ध तरिकाले सचेतनामूलक कार्यक्रम सञ्चालन गरे नगरेको | हुने गरेको | कहिलेकाहीं हुने गरेको | हुने नगरेको | १. वार्षिक कार्ययोजना २. कार्यक्रम प्रतिवेदन | |
| ४. महिला, अपाङ्गता तथा बालबालिका मैत्री भौतिक संरचना र लैङ्गिक मैत्री तथा सामाजिक समावेशी कार्यस्थल | | | | | | |
| ४.१ | महिला, अपाङ्गता तथा बालमैत्रीसंरचना निर्माण गर्ने मापदण्ड तयार भए नभएको | भएको | पूर्ण रूपमा लक्षित वर्ग मैत्री मापदण्ड नभएको | नभएको | स्वीकृत मापदण्ड | |
| ४.२ | महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको लागि छुट्टै शौचालयको व्यवस्था भए नभएको | भएको | भएको तर व्यवस्थित नभएको (नियमित सरसफाई, पानी, डस्टबिन आदिको व्यवस्था नभएको) | नभएको | १.शौचालय २.सरसफाइको अवस्था | |

| क्र.सं. | सूचक (कुल सूचक संख्याः ५०) | १ अङ्क आउने आधार | ०.५ अङ्क आउने आधार | ०.० अङ्क आउने आधार | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| ४.३ | अपाङ्गतामैत्री तथा बालमैत्री भवन, शौचालय, खानेपानी आदिको व्यवस्था भए नभएको | भएको | आंशिक भएको | नभएको | १. निर्माण सम्पन्न भवन २. शौचालय, खानेपानीको व्यवस्था ३. निर्माणाधिन संरचना (नक्सा, डिजाइन आदि) | |
| ४.४ | गर्भवती तथा सुत्केरी कर्मचारीको लागि आराम कक्ष वा शिशु स्याहार कक्ष भए नभएको | भएको | निर्माणाधिन रहेको | नभएको | १. कक्ष स्थापना गर्ने निर्णय २. आराम कक्ष | |
| ४.५ | २ वर्षसम्मका बालबालिका भएका महिला कर्मचारीका लागि शिशु स्याहार तथा स्तनपान गर्ने समय व्यवस्था भए नभएको | भएको | निर्णय भएको तर कार्यान्वयन नभएको | नभएको | १.समय व्यवस्था पन तालिका २.निर्णय | |



खण्ड ७) संख्या १३, प्रदेश राजपत्र भाग २ मिति २०८०।११।१७

| क्र.सं. | सूचक (कुल सूचक संख्याः ५०) | १ अङ्क आउने आधार | ०.५ अङ्क आउने आधार | ०.० अङ्क आउने आधार | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| ४.६ | कार्यस्थलमा हुने यौन दुर्व्यवहार सम्बन्धी कानुनको परिपालना भए नभएको | भएको | - | नभएको | १. उजुरी दर्ता किताब २. निर्णय पुस्तिका | |
| ४.७ | कार्यस्थलमा हुने यौन दुर्व्यवहार सम्बन्धी व्यवस्था बारे अनुशिक्षण दिने गरे नगरेको | गरेको | निर्णय गरेको तर कार्यान्वयन नगरेको | नगरेको | १. निर्णय २.कार्यक्रम अभिलेख ३.उपस्थिति ४.प्रतिवेदन | |
| ५. सुशासन तथा उत्तरदायित्व | | | | | | |
| ५.१ | सेवा प्रवाहमा महिला तथा लक्षित समूहलाई विशेष व्यवस्था गर्ने नीति कार्यान्वयन भए नभएको | भएको | आंशिक रूपमा कार्यान्वयन भएको | नभएको | १. वार्षिक बजेट तथा कार्यक्रम २. प्रगति प्रतिवेदन | |
| ५.२ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति र नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन गर्न बजेट व्यवस्था गरी कार्यान्वयन गरे नगरेको | गरेको | बजेट तथा कार्यक्रम भएको तर कार्यान्वयन नगरेको | दुवै नगरेको | १. नीति तथा कार्यक्रम र वार्षिक बजेट २. प्रगति प्रतिवेदन | |

| क्र.सं. | सूचक (कुल सूचक संख्याः ५०) | १ अङ्क आउने आधार | ०.५ अङ्क आउने आधार | ०.० अङ्क आउने आधार | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| ५.३ | नियमित रूपमा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई तथा सूचना सार्वजनिकीकरण गरे नगरेको | गरेको | गर्ने गरेको तर नियमित रूपमा नगरेको | नगरेको | १.कार्यक्रम प्रतिवेदन २.कार्यक्रम विवरण ३.उपस्थिति विवरण | |
| ५.४ | स्थानीय सञ्चार माध्यममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचना प्रवाह गरे नगरेको | नियमित गर्ने गरेको | कहिलेकाहीं गर्ने गरेको | नगरेको | १.स्थानीय सञ्चार माध्यमसँग भएको सम्झौता पत्र २.सूचना विवरण वा अभिलेख | |
| ५.५ | स्थानीय भाषामा सूचना प्रवाह गरे नगरेको | गरेको | कहिलेकाही गरेको | नगरेको | १.सञ्चार माध्यमसँग भएको सम्झौता २.सूचना विवरण वा रेकर्डिङ्ग | |





| क्र.सं. | सूचक (कुल सूचक संख्याः ५०) | १ अङ्क आउने आधार | ०.५ अङ्क आउने आधार | ०.० अङ्क आउने आधार | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| ५.६ | कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण दृष्टिकोणबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव बारे विश्लेषण गरे नगरेको | गरेको | कहिलेकाहीं गर्ने गरेको तर नियमित गर्ने कुनै व्यवस्था वा प्रणाली नभएको | नगरेको | १.अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन २.लाभ, असर र प्रभावको विश्लेषण प्रतिवेदन | |
| ५.७ | सम्बन्धित कार्यक्रम तथा परियोजना कार्यान्वयनबाट सम्बन्धित समुदायले लाभ लिन सके नसकेको | सकेको | केही मात्र लाभ लिन सकेको | नसकेको | १. कार्यक्रम, परियोजना विवरण २. प्रतिवेदन | |
| ५.८ | सम्बन्धित कार्यालयले अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई आगामी कार्यक्रम तयार गर्दा समावेश गरे नगरेको | गरेको | केही पृष्ठपोषण मात्र समावेश गर्ने गरेको | नगरेको | वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश गरिएको प्रमाण अभिलेख | |

| क्र.सं. | सूचक (कुल सूचक संख्याः ५०) | १ अङ्क आउने आधार | ०.५ अङ्क आउने आधार | ०.० अङ्क आउने आधार | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| ५.९ | सम्बन्धित कार्यालयले समावेशीताका आधारमा खण्डीकृत तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गरे नगरेको | गरेको | तथ्याङ्क संकलन गरेको तर अद्यावधिक गर्ने नगरेको | दुवै नगरेको | खण्डीकृत तथ्याङ्क सहितको प्रोफाईल | |
| ५.१० | सम्बन्धित कार्यालयले खण्डीकृत तथ्याङ्कको विश्लेषण गरी नीति तथा कार्यक्रम तर्जुमा गरे नगरेको | गरेको | कहिलेकाहीं गर्ने गरेको | नगरेको | १.खण्डीकृत तथ्याङ्कको विश्लेषण प्रतिवेदन<br>२. नीति, योजना तथा कार्यक्रम | |
| ५.११ | विपद् सम्बन्धी तथ्याङ्क संकलन, नक्साङ्कन तथा व्यवस्थापन गर्दा लाभान्वित समूहमा महिला तथा लक्षित समूहको खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्य सञ्चालन तथा राहत वितरण गरे नगरेको | गरेको | आंशिक गरेको | नगरेको | खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्य सञ्चालन तथा राहत वितरणको सूची | |





## अनुसूची -२

(दफा ८ को खण्ड (ख) को उपखण्ड (४) सँग सम्बन्धित)

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सबल तथा सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती

| विषयगत क्षेत्र | सबल पक्ष | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| १.नीति, कानुन तथा योजना | | | | |
| २. संस्थागत व्यवस्था | | | | |
| ३.मानव संसाधन तथा क्षमता विकास | | | | |
| ४. महिला, अपाङ्गता तथा बालबालिका मैत्री भौतिक संरचना र लैङ्गिक मैत्री तथा सामाजिक समावेशी कार्यस्थल | | | | |
| ५. सुशासन तथा उत्तरदायित्व | | | | |

अनुसूची-३

(दफा ८ को खण्ड (ख) को उपखण्ड (५) सँग सम्बन्धित)

## लैगिंक उत्तरदायी तथा सामाजिक समावेशीकरण परीक्षणबाट प्राप्त मुख्य उपलब्धि तथा निष्कर्ष

| विषय क्षेत्र र सूचक | मुख्य उपलब्धि/निष्कर्ष |
|---|---|
| १. नीति, कानुन तथा योजना | |
| १.१ | |
| १.२ | |
| १.३ | |
| २. संस्थागत व्यवस्था | |
| २.१ | |
| २.२ | |
| २.३ | |
| ३. मानव संसाधन तथा क्षमता विकास | |
| ३.१ | |
| ३.२ | |
| ३.३ | |
| ४. महिला, अपाङ्गता तथा बालबालिका मैत्री भौतिक संरचना र लैङ्गिक मैत्री तथा सामाजिक समावेशी कार्यस्थल | |
| ४.१ | |
| ४.२ | |
| ४.३ | |
| ५. सुशासन तथा उत्तरदायित्व | |
| ५.१ | |
| ५.२ | |
| ५.३ | |

## अनुसूची-४

(दफा ८ को खण्ड (ख) को उपखण्ड (६) सँग सम्बन्धित)

## कार्यान्वयन कार्ययोजना

| विषयक्षेत्र | पूर्णाङ्क | प्राप्तांक | सुधारका क्रिया कलाप | मुख्य जिम्मेवारी | | | समयावधि | थप आर्थिक दायित्व | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहलकर्ता | निर्णय कर्ता | कार्यान्वयन कर्ता | | पर्ने(अनुमानित रकम) र खर्च व्यहोर्ने श्रोत सहित | नपर्ने |
| १.नीति, कानुन तथा योजना | १५ | | १.१ | | | | | | |
| | | | १.२ | | | | | | |
| | | | १.३ | | | | | | |
| | | | | | | | | | |
| २.संस्थागत व्यवस्था | १० | | २.१ | | | | | | |
| | | | २.२ | | | | | | |
| | | | २.३ | | | | | | |
| | | | | | | | | | |
| ३. मानव संसाधन तथा क्षमता विकास | ७ | | ३.१ | | | | | | |
| | | | ३.२ | | | | | | |
| | | | | | | | | | |





| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. महिला, अपाङ्गता तथा बालबालिका मैत्री भौतिक संरचना र लैङ्गिकमैत्री तथा सामाजिक समावेशी कार्यस्थल | ७ | | ४.१ | | | | | | |
| | | | ४.२ | | | | | | |
| | | | | | | | | | |
| ५.सुशासन तथा उत्तरदायित्व | ११ | | ५.१ | | | | | | |
| | | | ५.२ | | | | | | |

अनुसूची-५

(दफा ७ को खण्ड (ङ) र (च) तथा दफा ८ को खण्ड (ग) को उपखण्ड (२) सँग सम्बन्धित)

**अन्तिम प्रतिवेदन नमूना**

१. पृष्ठभूमिः
२. परीक्षणको महत्वः
३. लैगिंक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका उद्देश्यः
४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका क्षेत्रः
५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण विधि र तरिकाः
६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा सहभागीः
७. विश्लेषणका औजारः
८. परीक्षणबाट प्राप्त मुख्य उपलव्धिः
९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण विधिबाट देखिएका लैङ्गिक समानता समावेशीकरणको अवस्था (परीक्षण पश्चात् प्राप्त अङ्क):
१०. सबल पक्ष, दुर्बल पक्ष (सुधार गर्नुपर्ने पक्ष), अवसर र चुनौतीः
११. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुधार कार्यान्वयन कार्ययोजनाः
१२. निष्कर्षः
१३. सुझावः





संलग्न गर्नुपर्ने कागजातः

(क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सूचक (प्राप्ताङ्क र आधार)
(ख) लैङ्गिक परीक्षण कार्यक्रमका झलक
(ग) सहभागी नामावली, बैठकका निर्णय
(घ) तस्बिर ।

मन्त्रिपरिषद्बाट स्वीकृत मितिः-२०८०।०९।०६

आज्ञाले,
गणेश बहादुर सिंह
प्रदेश सरकारका निमित्त प्रदेश सचिव



मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मुल्यः रु. १५।-